# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : २** **संख्या : ५** **प्रमाणिकरण : २०७६।०९।२२**
**प्रकाशन मिति : २०७६।१०।१४**

## भाग - २

## ठाकुरबाबा नगरपालिका

### ठाकुरबाबा नगरपालिका पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७५ (प्रथम संसोधन २०७६)

पशु बिकास कार्यक्रम संचालन तथा अनुदान सम्बन्धि कार्यविधि. २०७५ मा दफा तथा उपदफाहरु तपसिल बमोजिम संशोधन र थप गरिएको छ ।

ठाकुरबाबा नगरपालिका पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि २०७५ (प्रथम संशोधन २०७६)

१)कार्यविधिका सबै दफामा पशु बिकास शाखा उल्लेख भएकोमा **"पशुपन्छी तथा मत्स्य बिकास उप-शाखा"** भनी संशोधन गरिएको छ ।

२) कार्यविधिमा अनुदान कार्यक्रम वितरण गर्दा पशु वीमा अनिवार्य हुनुपर्ने भनी प्रष्ट नभएकोमा **"पशुपन्छी तथा मत्स्य बिकास उप-शाखा बाट अनुदान वितरण गर्दा पशु वीमा लाई अनिवार्य गरिने छ"** भनि थप गरिएको छ।

३) परिच्छेद१ दफा २ क मा **पशु बिकास कार्यक्रम सञ्चालन भन्नाले:** कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि,तालीम तथा बिउ पुँजि सहितको ब्यवसायिक पशु उत्पादन (ब्यवसायिक गाईभैंसी पालन,ब्यवसायिक बंगुर,बाख्रा र पशुपन्छी )बजार प्रवर्दन कार्यक्रम भन्ने बुझ्नु पर्दछ भनि उल्लेख भएकोमा **पशु बिकास कार्यक्रम सञ्चालन भन्नाले "कृषि/पशुपालन क्षेत्रमा आकर्षित गर्न प्रविधि,तालीम तथा बिउ पुँजि सहितको ब्यवसायिक पशु उत्पादन (ब्यवसायिक गाई,भैंसी, बाख्रा, बंगुर,माछा र कुखुरा लगायत अन्य पशुपन्छी जन्य बस्तु पालन) बजारीकरण र बजार प्रवर्दन कार्यक्रम भन्ने बुझ्नु पर्दछ"** भनी संशोधन गरिएको छ ।

४) परिच्छेद १ दफा ३ क मा **"ब्यवसायिक माछा र कुखुरा पालन तथा पशुपन्छी जन्य बस्तुको बजारीकरण"** थप गरिएको छ ।

५) परिच्छेद २ दफा ४ ख मा निवेदन दिने फर्महरु ठाकुरबाबा नगरपालिकामा दर्ता भएको हुनुपर्ने छ ।(जिल्ला पशु सेवा कार्यालयमा दर्ता भएका फर्महरु समेत यस स्कीममा सहभागी हुन सक्नेछन) भनि उल्लेख भएकोमा **"निवेदन दिने फर्म तथा समुहहरु ठाकुरबाबा नगरपालिकामा दर्ता/नविकरण अनिवार्य भएको हुनु पर्ने छ र साबिक जिल्ला पशु सेवा कार्यालयमा दर्ता भई हाल ठाकुरबाबा नगरपालिकामा दर्ता/नविकरण भएका फर्महरु यस स्कीममा सहभागी हुन सक्ने छन"** भनि संशोधन गरिएको छ ।

६) **परिच्छेद २ दफा ४ ग** को ब्यवसायिक गाई भैंसी फर्मको बर्गीकरण मा **"देहाय बमोजिम बुदा नं.४ नमुना गाई भैसी फार्मः कम्तिमा १०देखि माथी उन्नत दुधालु तथा प्रजनन योग्य (गाई/ भैंसी) पालन गरेको र फर्मको ब्यवस्थापकीय पक्ष अनुसुचि ७ मा तोकिए बमोजिम लक्ष्य पुरा भएको फर्मलाई नमुना मानिनेछ ।"** भनि थप गरिएको छ ।

७) **परिच्छेद २ दफा ४ घ** को कार्यक्रमका लागी उपलब्ध गराईने सहयोग मा **"देहाय बमोजिम बुदा नं.४ नमुना गाई / भैसी फर्मलाई उपलब्ध गराईने अनुदान रकम तथा आधारहरुः परिच्छेद २ दफा ४ ग को ४ मा र अनुसुचि ७ मा तोकिए बमोजिम लक्ष्य पुरा भएको फर्मलाई कम्तीमा रु.२,००,०००/- देखि बढीमा रु.३००,०००/- सम्म अनुदान रकम उपलब्ध गराइनेछ र *यो अनुदान रकम नमुना गाई भैंसी फर्मको हकमा मात्र लागु हुनेछ ।* "** भनि थप गरिएको छ ।

८) **परिच्छेद ३ दफा ५ ग** को ब्यवसायिक बाख्रा फर्मको बर्गीकरण मा **"देहाय बमोजिम बुदा नं.४ नमुना बाख्रा फर्मः कम्तिमा निजि फर्मको हकमा २५ गोटा, समुह र सहकारीको हकमा ३० गोटा प्रजनन योग्य माउ बाख्रा पालन गरेको र फर्मको ब्यवस्थापकीय पक्ष अनुसुचि ७ मा तोकिए बमोजिम लक्ष्य पुरा भएको फर्मलाई नमुना फर्म मानिने छ ।"** भनि थप गरिएको छ ।

९) **परिच्छेद ३ दफा ५ घ** को कार्यक्रमबाट उपलब्ध गराईने अनुदान रकम मा **"देहाय बमोजिम बुदा नं.४ नमुना बाख्रा फर्मलाई उपलब्ध गराईने अनुदान रकम तथा आधारहरुः परिच्छेद ३ दफा ५ ग को ४ मा र अनुसुचि ७ मा तोकिए बमोजिम लक्ष्य पुरा भएको फर्मलाई रु.१,००,०००/- (एक लाख मात्र) सम्म अनुदान रकम उपलब्ध गराइनेछ र *यो अनुदान रकम नमुना बाख्रा फर्मको हकमा मात्र लागु हुनेछ ।*"** भनि थप गरिएको छ ।

*१०)* **परिच्छेद** ४ दफा ६ ख को ब्यवसायिक बंगुर पालन फर्ममा आवश्यक बंगुर संख्या मा **"देहाय बमोजिम बुदा नं.१ नमुना बंगुर फर्मः कम्तिमा निजि फर्मको हकमा १० गोटा, समुहको हकमा १५ गोटा र सहकारीको हकमा २५ गोटा प्रजनन योग्य माउ बंगुर पालन गरेको र अनुसुचि ७ मा तोकिए बमोजिम लक्ष्य पुरा भएको फर्मलाई नमुना मानिने छ ।"** भनि थप गरिएको छ ।

११) **परिच्छेद ४ दफा ६ ग** को नमुना बंगुर फर्मलाई उपलब्ध गराईने अनुदान रकम तथा आधारहरु मा **"परिच्छेद ४ दफा ६ को ख मा र अनुसुचि ७ मा तोकिए बमोजिम लक्ष्य पुरा भएको फर्मलाई रु.१,००,०००/- (एक लाख मात्र) सम्म अनुदान रकम उपलब्ध गराइनेछ र यो अनुदान रकम नमुना बंगुर फर्मको हकमा मात्र लागु हुनेछ तर अनुदान रकम बाट पाठापाठी र माउबंगुर खरिद गर्न पाईने छैन"** । भनि थप गरिएको छ ।

*नोटः*
*१. "नमुना फर्महरुले अनुदान बराबरको रकम अनिवार्य लगानी गर्नु पर्ने छ" ।*
*२. "समुह तथा सहकारीको हकमाः समुह तथा सहकारीका सम्पुर्ण सदस्यले लगानी गरी एउटै फर्म सञ्चालन गरेको फर्मलाई नमुना मानिने छ । )"* भनि थप गरिएको छ ।

१२) परिच्छेद ५ दफा ४ को अनुदानको प्रकृया मा **"देहाय बमोजिम बुदा नं. ग स्थानिय जातका कुखुरा को संरक्षण गरी (स्थानीय जातको कुखुराको) मिनि ह्याचरी स्थापना तथा ब्यवस्थापन र अनुदान दिने आधारहरुः- स्थानीय जातका करिब २०० देखी बढी संख्यामा माउ कुखुरा पालन गरी दैनिक रुपमा कम्तीमा १५० गोटा अण्डा उत्पादन गरिरहेको फर्मलाई मिनि ह्याचरी स्थापना तथा ब्यवस्थापनको लागी कम्तीमा रु.१,००,०००/- (एक लाख मात्र) सम्म अनुदान रकम उपलब्ध गराइने छ । यो अनुदान रकम ह्याचरी स्थापना गर्ने फर्मको हकमा मात्र लागु हुनेछ र फर्मले अनुदान रकम बराबरको लगानी अनिवार्य गर्नु पर्नेछ ।"** भनि थप गरिएको छ ।

१३) परिच्छेद ६ दफा ७ क मा **"देहाय बमोजिम बुदा नं.८ "पशुपंक्षि संकलन केन्द्र निर्माण"** थप गरिएको छ ।

**<u>प्रावधानः-</u>**

**"*पशुपन्छी संकलन केन्द्र रोडकरिडोर ले छोएको तथा समुदायको साझा पहुँच क्षेत्रमा हुनु पर्ने ।"**

**"*पशुपन्छी संकलन कार्य गरिरहेको तथा सो कार्यको लागी आधीकारीक निकायमा दर्ता भएको हुनुपर्ने ।"**

**"क. पशुपंक्षि संकलन केन्द्र को लागी उपलब्ध गराइने अनुदान रकम तथा आधारहररुः पशुपन्छी संकलन कार्य गरिरहेको र उक्त कार्यको लागी आधीकारीक निकायमा दर्ता भएको फर्मलाई कम्तीमा रु.२,००,०००/- देखि बढीमा रु.३००,०००/- सम्म अनुदान रकम उपलब्ध गराइनेछ ।** भनि थप गरिएको छ ।

**(यो अनुदान रकम पशुपंक्षि संकलन केन्द्र निर्माण को हकमा मात्र लागु हुनेछ र फर्मले अनुदान रकम बराबरको लगानी अनिवार्य गर्नु पर्नेछ ।)"** भनि थप गरिएको छ ।

१४) **"परिच्छेद ७,८,९र१० थप गरिएको छ ।"**

## परिच्छेद ७

## १. उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यबिधि ।

**१.१ कार्यक्रमको उद्देश्यः**

*पशु तथा पशु जन्य उत्पादनको बजारीकरण गरि कृषकहरुलाई प्रति ईकाई उत्पादनको अनुदान प्रदान गर्ने |
*पशुपालनमा व्यवसायीकरणको बिकास गरी रोजगारीको लागि बिदेशिने क्रम न्युनिकरण गर्न सहयोग पुर्याउने |
*कृषकहरुको आय आर्जनमा टेवा पुऱ्याई कृषक परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुर्याउने |
*युवाहरुलाई पशुपालन व्यवसाय आकर्षण गर्ने |

**कार्यक्षेत्रः** यो कार्यक्रम ठाकुरबाबा नगरपालिका क्षेत्र भर संचालन गरिने छ |

**मापदण्ड**

- वार्षिक ३ वटा भन्दा बढी खसी बोका (बाख्रा भेडा)आफ्नै घरमा उत्पादन गरी बिक्री गर्ने कृषकहरुलाई प्रति गोटा ६००/- (छ सय मात्र)को दरले अनुदान रकम उपलब्ध गराइने |
- मासिक १५० लिटर भन्दा बढी दुध आफ्नै घरमा उत्पादन गरी कम्तिमा १००लि.बिक्री गर्ने कृषकलाई प्रति लिटर रु२/-(दुई रुपाँया) का दरले अनुदान रकम उपलब्ध गराईनेछ |
- नगरपालिका बाट उक्त आ.व.मा सम्बन्धीत (पशुपन्छी पालनमा) बिषयमा अनुदान प्राप्त गरेको कृषक/ ब्यवसायिहरुको हकमा यो अनुदान लागु हुने छैन ।

**१.२ उत्पादनमा आधारीत अनुदान कार्यक्रम संचालन प्रक्रिया**

- उत्पादनमा आधारीत अनुदान कार्यक्रम संचालनको लागि पशुपन्छी अभिलेख राख्न नगरपालिकाले अनुसूची ८ बमोजिमको सूचना प्रकाशन/प्रसारण गर्ने छ |
- इच्छुक कृषकहरुले अनुसूची ८ (क) बमोजिमको निवेदन सहित अभिलेख नगरपालिका पशुपन्छी तथा मत्स्य बिकास उपशाखा,पशु सेवा केन्द्र वा सम्बन्धित वडामा पेश गर्नु पर्नेछ ।

- अभिलेखमा परेका कृषकहरुलाई नगरपालिकाले अनुगमन गर्नेछ ।
- बिक्री भएको दुध र खसी/बोका (भाले भेडा) को अभिलेख कृषकले अनुसूची ८(ख) बमोजिम राख्नु पर्नेछ ।
- तोकिएको विधी र कागजात पेश गरी सम्बन्धित कृषकले अनुदान रकम नगरपालिका संग मासिक/चौमासिक रुपमा माग गर्नु पर्नेछ ।

**शर्तहरु :**

**खसी बोका उत्पादन र बिक्री तर्फ :**

- खसी बोका(भाले भेडा) घरमै उत्पादन गरी बार्षिक कम्तिमा ३ वटा बिक्री गरेको हुनुपर्ने छ ।
- अन्यत्र बाट खरिद गरी ल्याएको खसी बोकाको हकमा अनुदान रकम उपलब्ध हुने छैन ।
- कृषक/व्यवसायिले आफ्नो घरमा पालिएका खसी, बोका, बाख्रा तथा भेडा को अभिलेख पशुपन्छी तथा मत्स्य बिकास उपशाखामा /पशु सेवा केन्द्र वा सम्बन्धित वडा कार्यालयमा उपलब्ध गराएको हुनुपर्ने छ ।
- पशुधनको वीमा गरी उक्त कागजातको विवरण कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

**दुध बिक्री तर्फ :**

- दुध सम्बन्धीत कृषक/ व्यवसायिको घरमै उत्पादन भएको हुनुपर्ने छ ।
- प्रति महिना १०० लिटर भन्दा बढी दुध बिक्री गरेको हुनुपर्ने छ ।
- अन्यन्त्रबाट खरिद गरी बिक्री गरेको दुधको हकमा अनुदान रकम उपलब्ध हुने छैन ।
- कृषक/व्यवायीले आफुले पालेका गाई भैसीको अभिलेख पशुपन्छी तथा मत्स्य बिकास उपशाखामा र सम्बन्धित वडा कार्यालयमा उपलब्ध गराएको हुनुपर्ने छ ।
- पशुधनको वीमा गरी उक्त कागजातको विवरण कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

**अनुदानका लागि पेश गर्नु पर्ने कागजातहरु :**

- सम्बन्धित कृषकको निबेदन ।
- पशु तथा पशुजन्य पदार्थ बिक्रीको अनुसूची ८ (क) बमोजिमको अभिलेख ।
- सम्बन्धित वडा हेर्ने प्राविधिक सहित वडा कार्यालयको सिफारिस ।
- सम्बन्धित शाखाको सिफारिस ।
- पशुधन वीमाको कागजात विवरण ।
- सो सम्बन्धी थप प्रमाण खुल्ने कागजात भएमा सो को विवरण ।

## परिच्छेद ८

## नगरस्तरीय उत्कृष्ट कृषक पुरस्कार तथा सम्मान कार्यक्रम संचालन बिधि

**उद्देश्य :**

यस कार्यक्रमका उद्देश्य देहाय बमोजिमका हुनेछन :

- कृषकहरुको योगदानलाई सम्मान गर्ने ।
- कृषकहरुको मनोबल उच्च राख्न सहयोग पुऱ्याउने ।
- कृषक समुदायमा स्वस्थ प्रतिस्पर्धाको भावना विकास गरी कृषि तथा पशुपालन पेशालाई सम्मानित र व्यवसायिक बनाउन सहयोग गर्ने ।

**नगरस्तरीय उत्कृष्ट कृषक छनौटको बिधि :**

- ठाकुरबाबा नगरपालिकाले **"नगरस्तरीय उत्कृष्ट कृषक पुरस्कार"** कार्यक्रमको लागी अनुसूची ९ बमोजिम ३० दिनको सूचना प्रकाशन गरी कृषकहरुबाट निवेदन माग गर्ने छ ।
- पुरस्कार कार्यक्रममा सहभागी हुनको लागि अनुसूची ९ (ख) बमोजिमको मापदण्ड पुरा भएको हुनुपर्ने छ ।
- उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागी हुनको लागि अनुसुचि ९ (ख) बमोजिमको व्यवसायीक विवरण सहित अनुसूची ९ (क) अनुसारको निवेदन पेश गर्नुपर्नेछ ।

ठाकुरबाबा नगरपालिका पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७५ (प्रथम संशोधन २०७६)

- पेश भएका आवेदन/प्रश्तावहरुलाई छनौटका लागी **पशु बिकास कार्यक्रम सञ्चालन कार्यविधि २०७५**बमोजिम गठन भएको मुल्याङ्कन तथा छनौट समितिले स्थलगत रुपमा अनुगमन/मुल्याकंन पश्चात अनुसूची ९(घ)बमोजिम मुल्यांकन गरी उत्कृष्ट कृषक छनौट गर्नेछ ।
- बिषयगत बिधा (गाईभैसी-१,भेडा बाख्रा-१, बंगुर-१,कुखुरा लगायत अन्य पन्छी-१, र माछा पालन-१ गरि) जम्मा ५ जना उत्कृष्ट कृषक/व्यवसायिलाई छनौट गरिनेछ । छनौटमा परेका कृषकलाई बढिमा रु.५,०००/-(पाँच हजार मात्र ) का दरले पुरस्कार तथा प्रममा-पत्र सहित सम्मान गरिने छ |

**परिच्छेद ९**

**फार्म/समुह र घाँसको नर्सरी (पशुपन्छी तथा मत्स्य) नगरपालिकामा दर्ता प्रक्रिया ।**

**उदेश्य :**

- फर्म/समुह र घाँसको नर्सरी (पशुपन्छी तथा मत्स्य) नगरपालिकामा अभिलेख राखी तिनीहरुको नियमन,प्रबर्दन गर्ने |

**फर्म दर्ताको मापदण्ड :**

**१.व्यावसायीक गाईभैसी फर्मको बर्गिकरण :**

फार्म लाई ३ वर्गमा विभाजन गरिने छ :

**क. साना व्यावसायीक गाईभैसी फार्मः** ५देखी १० गोटा गाई/भैसीपालन गरी दुध उत्पादन व्यवसाय शुरु गरेको फार्मलाई मानिने छ |

**ख. मझौला व्यावसायिक गाईभैसी फार्मः** ११देखी २० गोटा गाई/भैसीपालन गरी दुध उत्पादन व्यवसाय शुरु गरेको फार्मलाई मानिने छ |

**ग. ठुला व्यावसायिक गाईभैसी फार्मः** २१ भन्दा माथि उन्नत गाई/भैसी पालनगरी दुध उत्पादन व्यवसाय शुरु गरेका फार्मलाई मानिने छ |

*( उक्त पशुवस्तुलाई बर्ष भरी पुग्ने घाँस खेती गरिएको तथा फर्मको व्यवस्थापकीय पक्ष राम्रो भएको र पशु वीमा गरेको हुनु पर्ने छ।)*

**२. व्यावसायीक बाख्रा फार्म को बर्गिकरण**

**क. साना व्यावसायीक बाख्रा फार्मः** कम्तीमा १५देखि २५सम्म स्थानीय/उन्नत माउ बाख्रापालन गरी व्यवसाय शुरु गरेका फार्मलाई मानिने छ।

**ख. मझौला व्यावसायीक बाख्रा फर्मः** २६देखि ५० सम्म स्थानीय/उन्नत माउ बाख्रापालन गरी व्यवसाय शुरु गरेका फार्मलाई मानिने छ ।

**ग. ठुला व्यावसायीक बाख्रा फर्मः** ५१ भन्दा माथि स्थानीय/उन्नत माउ बाख्रापालनगरी व्यवसाय शुरु गरेका फार्मलाई मानिने छ |

*(उक्त पशुवस्तुलाई बर्ष भरी पुग्ने घाँस खेती गरीएको र फर्मको व्यवस्थापकीय पक्ष राम्रो भएको र पशु वीमा गरेको हुनु पर्ने छ ।)*

**३.व्यावसायीक बंगुर फर्म को बर्गिकरण :**

**क. साना व्यावसायीक बंगुर फर्म :** पाठापाठी उत्पादनको लागि भए १० देखि १५ सम्म माउ र मासु उत्पादनको लागि भए २० देखि ३० सम्म बंगुर पालन गरी व्यवसाय संचालन गरेका फार्मलाई मानिने छ |

**ख. मझौला व्यावसायिक बंगुर फार्म :** पाठापाठी उत्पादनको लागि भए१६ देखि २५ सम्म माउ र मासु उत्पादनको लागि भए ३१ देखि ४५ सम्म बंगुर पालन गरी व्यवसाय संचालन गरेका फार्मलाई मानिने छ |

**ग. ठुला व्यावसायिक बंगुर फार्म :** पाठापाठी उत्पादनको लागि भए २६ देखि माथि माउ बंगुर र मासु उत्पादनको लागि भए ४६ भन्दा माथी बंगुरका पाठापाठी पालन गरी व्यवसाय संचालन गरेका फार्मलाई मानिने छ ।

*( फर्मको व्यवस्थापकीय पक्ष राम्रो तथा पशु वीमा गरेको हुनु पर्ने छ ।)*

पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि २०७५ (प्रथम संशोधन २०७६)

**४. कुखुरा फार्म को बर्गिकरण :**

**क. साना व्यावसायिक कुखुरा फार्म** : ५०० देखि १००० सम्म स्थानिय,ब्रोइलर ,लेयर्स वा अन्य कुखुरा पालनगरी व्यवसाय संचालन गरिरहेका फार्मलाई मानिने छ |

**ख. मझौला व्यावसायिक कुखुरा फार्म** : १००० देखि २५०० सम्म स्थानिय,ब्रोइलर ,लेयर्स वा अन्य जातका कुखुरा पालनगरी व्यवसाय संचालन गरिरहेका फार्मलाई मानिने छ |

**ग. ठुला व्यावसायिक कुखुरा फार्म** : २५०० भन्दा माथि स्थानिय,ब्रोइलर, लेयर्स वा अन्य कुखुरा पालनगरी व्यवसाय संचालन गरिरहेका फार्म लाई मानिने छ |

***( फर्मको ब्यवस्थापकीय पक्ष राम्रो तथा वीमा गरेको हुनु पर्ने छ ।)***

**८. समूह** : कम्तिमा १० देखी बढीमा २५ जना संगठित भई कुनै बिशेष कार्य जस्तैः गाई,भैसी,भेडा,बाख्रा, बंगुर,कुखुरा, माछा तथा अन्य पशुपन्छी पालन गरिरहेको समुहलाई समुह मानिनेछ ।

**१०. घाँस फर्म तथा नर्सरीः** कम्तिमा ५ कठ्ठा भन्दा बढि जमीनमा स्थानिय तथा उन्नत (एक बर्षीय, बहुबर्षीय र डाले) घाँस खेति तथा नर्सरी संचालन गरेकोलाई **घाँस फर्म तथा नर्सरी** मानिनेछ |

**समुह/फार्म तथा घाँस नर्सरी दर्ता प्रक्रिया :**

- कृषक/ब्यवायीको निबेदन
- सम्बन्धित वडाको सिफारिस पत्र तथा वडा हेर्ने प्राविधिकको रिपोर्ट |
- नागरिकताको प्रतिलिपि |
- २ प्रति पासपोर्ट साइजको फोटो (ब्यक्तिगत फर्मको लागी )।
- चार किल्ला प्रमाणित कागजात।
- जग्गा धनी पुर्जाको प्रतिलिपी वा जग्गा भाडामा भए सो को कम्तीमा ५ बर्षको सम्झौता पत्र ।
- एकाघरको भए मन्जुरिनामा ।
- वडा/नगरपालिका राजस्व शाखामा राजस्व बुझाएको रसिद ।(न.पा.ले राजश्व तोकिएको हकमा)
- समुहको हकमा २ प्रर्ति विधान र समुहको निणर्य ।
- समुहको पदाधिकारीहरुको नागरिताको स्वयमले प्रमाणित गरेको प्रतिलिपि ।
- समुहको छाप ।

**नोट :**

- दर्ता भएका फर्म/ समूह र घाँस नर्सरी लाई नगरपालिकाले आधिकारिक प्रमाण पत्र उपलब्ध गराउने छ |
- दर्ता भएका फर्म/समुहले प्रत्येक बर्ष नवीकरण गर्नु पर्ने छ र नवीकरण नभएमा नगरपालिका बाट कुनै पनि सुविधा प्राप्त हुने छैन ।
- दर्ता भएका फर्म/समुह र घाँस नर्सरी को समय समयमा अनुगमन गरिने छ र कानुन विपरित कामकाज गरेको पाइएमा प्रचलित कानुन अनुसार कारबाही हुनेछ।
- प्रमाणपत्रको ढाँचा साबिककै ढाँचामा हुनेछ ।
- माथि उल्लेखित मापदण्ड पुर्णरुपमा पुरा हुन नसकेको तर ब्यवसाय सञ्चालन गर्न इच्छुक कृषक ब्यवसायीको हकमा सम्बन्धित वडाले कारण खुलाई पठाइएको सिफारिसको आधारमा नँया फर्म दर्ता हुन सक्ने छन ।

## परिच्छेद १०

## मत्स्य बिकासका लागी पोखरी बिस्तार

**१ कार्यक्रमको उद्देश्य**

*मत्स्य पालन ब्यवसायलाई प्रर्वदनगरी कृषकको आयस्तरमा सुधार ल्याउना तथा नगरपालिकालाई माछा जन्य बस्तुमा आत्मानिर्भर बनाउने ।

**कार्यक्षेत्रः** यो कार्यक्रम ठाकुरबाबा नगरपालिका क्षेत्र भर संचालन गरिने छ ।

**मापदण्ड**

- ठाकुरबाबा नगरपालिकामा दर्ता भएका वा मत्स्यपालन ब्यवसाय सञ्चालन गरीरहेका किसान ब्यवसायी ।
- मत्स्य पालन ब्यवसाय गर्नको लागी जग्गा तथा पानीको ब्यवस्था र उपयूक्त वातावरण भएको स्थान ।

**१.२ अनुदान कार्यक्रम संचालन प्रक्रिया तथा अनुदान रकम वितरणः**

- अनुदान कार्यक्रम संचालनको लागि नगरपालिकाले ७ देखि २५ दिनको सूचना प्रकाशन गर्ने छ ।
- इच्छुक कृषक/ब्यवसायीले नगरपालिका पशुपन्छी तथा मत्स्य बिकास उपशाखामा प्रस्ताव पेश गर्नु पर्नेछ ।
- नगरपालिकाले अनुगमन गरी प्राप्त प्रस्तावहरुको छनौट गर्ने छ ।
- प्रति हेक्टर १५०,०००/-(एक लाख पचास हजार मात्र ।) दरले अनुदान रकम उपलब्ध गराईने छ ।

***(कृषक/ब्यवसायीले अनुदान रकमको ५० प्रतिशत रकम लगानी गर्नु पर्नेछ ।)***

**"यस कार्यविधिमा थप ब्यवस्थाः"**

"परिच्छेद ७,८,९ र१० मा थप गरिएका कार्यविधिहरुमा उल्लेख हुन नसेका प्रावधानको (सुचना प्रकाशन, सम्झौता, मुल्याङ्कन, अनुगमन र भुक्तानि आदी) हकमा ठाकुरबाबा नगरपालिका पशु बिकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि २०७५ को अनुसुचीहरु तथा उक्त कार्यविधिमा भएका ब्यवस्थाको अधारमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ।" थप गरिएको छ ।

**"थपघट वा हेरफेर "**

**"क.** यस कार्याविधिको कार्यन्वयनमा थप व्यवस्थित र प्रभावकारी वनाउन नगर कार्यपालिकाले आवश्यकता अनुसार थपघट हेरफेर गर्न सक्ने छ । "

**"ख.** यस कार्याविधिको कार्यान्वयमा कुनै वाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो वाधा अवरोध फुकाउने प्रयोजनका लागि नगर कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।" थप गरिएको छ ।

१५) **"अनुसुचिहरु ७,८ र ९ थप गरिएको छ ।"**

**अनुसूची ७ (परिच्छेद २, ३ र ४ संग सम्बन्धित)**

**नमुना फर्मको मापदण्डः**

१.पशुपन्छी संख्या (जात नश्ल) यस कार्यविधिको सम्बन्धित परिच्छेदमा तोकिए बमोजिम भएको हुनुपर्ने छ ।
२.उक्त पशुबस्तुलाई दाना आहारा/पानी सहज रुपमा उपलब्ध हुने भएको।
३.प्राविधिक नर्मस अनुसार गोठ/खोर/पोखरी ब्यवस्थापन भएको वा निर्माण गर्ने क्षेत्रफल भएको ।
४.पशुधनको वीमा गरेको ।
५.घाँस खेतीः बर्षभरी पुग्ने गरी स्थानिय/उन्नत (एक बर्षिय/बहुबर्षिय/डाले) जातका घाँस खेति गरेको/भएको ।
६. बाटो,सञ्चार, सिचाँइ,सवारी साधन ,बजार ,प्राविधिक, पुर्वधार सामाग्री, जनशक्ती जस्ता सुविधा उपल्ब्ध भएको ।
७.परजिवी नियन्त्रण/रोग निरोधक खोप नियमित लगाउने गरेको ।
८.पशुपालन सम्बन्धि न्युनतम एक हप्ते तालीम लिएको वा सम्बनधित प्राविधिकको नियमीत सहयोग सम्पर्कमा रहेको ।

**अनुसूची ८ (परिच्छेद ७ संग सम्बन्धित)**

**उत्पादनमा आधारित अनुदान कार्यक्रमको लागि अभिलेख राख्न इच्छुक कृषकहरुबाट निवेदन आह्वान सम्बन्धी सुचना**

ठाकुरबाबा नगरपालिका को आ.व. २०...../.......को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **उत्पादनमा आधारित अनुदान** कार्यक्रम संचालनको लागि उत्पादित पशु तथा पशुजन्य पदार्थको अभिलेख राखी नगरपालिकाबाट उत्पादनमा आधारित अनुदान प्राप्त गर्न इच्छुक कृषक/ब्यवसायिहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०(तीस) दिन भित्र तपशिलमा उल्लेखित विवरण सहितको आवेदन फाराम ठाकुरबाबा नगरपालिकामा पेश गर्नु हुन जानकारी गराईन्छ ।

**क) संलग्न हुनुपर्ने कागजातहरुः**

ठाकुरबाबा नगरपालिका पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन २०७६)

१. निवेदन ।
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
३. फर्म दर्ता भएको भए प्रमाणपत्रको प्रतिलिपी ।
४. अनुसूची ८(क) बमोजिमको पशुपन्छीको अभिलेख ।
५. पशु बिमा गरेको भए सो को बिमालेखको प्रतिलिपी ।
६. पशुपन्छी/फर्मको फोटो ।

**अनुसूची - ८ (क) (परिच्छेद ७ संग सम्बन्धित)**

**उत्पादनमा आधारित अनुदान कार्यक्रमको लागि अभिलेख राख्न इच्छुक कृषकहरुले पेश गर्ने निवेदन ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
ठाकुरबाबा नगरपालिकाको कार्यालय
सैनावार बर्दिया

**विषय : पशुपन्छी अभिलेख सम्बन्धमा ।**

प्रस्तुत विषयमा ठाकुरबाबा नगरपालिका वडा नं ...,..................निवासी म ............................ले मेरो घरमा पालेको तपशिल बमोजिमका पशुपन्छी हरुको विवरण नगरपालिकामा अभिलेख राखिदिनुहुन बिनम्र अनुरोध गर्दछु ।

**तपशिल :**

| **बाख्रा तर्फ** | **परिमाण** | **गाई/भैंसी तर्फ** | **परिमाण** |
|---|---|---|---|
| माउ बाख्राको संख्या | | जम्मा गाई/भैसीको संख्या | |
| खसीबोकाको संख्या/ | | दुहुना गाई/भैसीको संख्या | |
| पाठा/पाठीको संख्या | | दैनिक दुध उत्पादन ली. | |
| **जम्मा** | | **जम्मा** | |

निवेदक
नाम :
ठेगाना :
दस्तखत :
सम्पर्क नं :

**अनुसूची ८ (ख) (परिच्छेद ७ संग सम्बन्धित)**

**उत्पादनमा आधारित अनुदान रकम भुक्तानिको लागि कृषकले राख्नु पर्ने विवरण**

| सि.नं. | मिति | किसानको नाम थर | ठेगाना | पालेका पशु र संख्या | उत्पादित बस्तु | विक्री संख्या(किलो/गोटा ) | दर | जम्मा बुझेको रकम रु. | बजार तथा खरिद कर्ताको विवरण( प्राप्त भएमा विल) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**अनुसूची ९ (परिच्छेद ८ संग सम्बन्धित)**

**नगरस्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागी हुन इच्छुक कृषकहरुबाट निवेदन आह्वान सम्बन्धी सुचना ।**

ठाकुरबाबा नगरपालिका को आ.व. २०...../.......को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **नगरस्तरीय उत्कृष्ट कृषक पुरस्कार छनौट कार्यक्रममा** सहभागी हुन इच्छुक कृषक/ब्यवसायिहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले

ठाकुरबाबा नगरपालिकाको पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि २०७५ (प्रथम संशोधन २०७६)

३०(तिस) दिन भित्र तपशिलमा उल्लेखित विवरण सहितको आवेदन फाराम ठाकुरबाबा नगरपालिकामा पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**क) संलग्न हुनुपर्ने कागजातहरुः**

१.निवेदन ।

२.नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

३.फर्म दर्ता भएको भए प्रमाणपत्रको प्रतिलिपी ।

४.अनुसूची ९ (ग) बमोजिमको ब्यवसायीक विवरण ।

५.पशु वीमालेखको प्रतिलिपी ।

६.पेशा ब्यवसाय सँग सम्बन्धीत तालीम लिएको भएमा उक्त कागजात ।

**अनुसुचि ९ (क) (परिच्छेद ८ संग सम्बन्धित)**

**नगरस्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागी हुने कृषकले पेश गर्नुपर्ने निवेदनको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
ठाकुरबाबा नगरपालिकाको कार्यालय
सैनावार बर्दिया

विषय : नगरपालिका स्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा मा सहभागी हुन पाउ ।

ठाकुरबाबा नगरपालिकाको मिति ...............को सार्वजनिक सुचना अनुसार **नगरपालिका स्तरीय उत्कृष्ट कृषक पुरस्कार** कार्यक्रम प्रतियोगितामा मलाई सहभागी हुन इच्छा भएकोले मेरो विवरण सहितको निबेदन दर्ता गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

निवेदकको
नाम :
दस्तखत :
ठेगाना :
फार्मको नाम :
मोबाइल नं :

**अनुसूची ९ (ख) (परिच्छेद ८ संग सम्बन्धित)**

**नगरस्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागीका लागि न्युनतम मापदण्ड**

**(तल तालिकामा उल्लेख भएको मध्ये कुनै एक जातको पशुपन्छी पालन गरेको भएमा सहभागी हुन सकिने छ)**

| सि.नं. | विवरण | इकाई | परिमाण (कम्तिमा) |
|---|---|---|---|
| १ | गाई भैसी | माउ | ५ |
| २ | भेडा बाखा | माउ | १५ |
| ३ | बंगुर | माउ | ७ |
| ४ | कुखुरा(पन्छी) | वटा | ५०० |
| ५ | माछापालन | हेकटर | १/२) आधा हे.) |

**अनुसूची ९ (ग)(परिच्छेद ८ संग सम्बन्धित)**

**नगरपालिका स्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमको लागी कृषकले पेश गर्नुपर्ने ब्यवसायिक विवरण फारम**

१.कृषकको नाम :

फोटो

ठाकुरबाबा नगरपालिका पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७५ (प्रथम संशोधन २०७६)

२ स्थायी ठेगाना :

३. फर्म/समुहको नामः

क) श्रोत साधन तथा व्यवसायिक विवरण

| क्रस. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १ | पशुपालनको लागि प्रयोग भएको जग्गा क्षेत्रफल | | |
| २ | उपकरणः | | |
| ३ | रोजगारी | | |
| ४ | गोठ खोर | | |
| ५ | तालिम /पुरस्कार | | |
| ६ | जनाशक्ती | | |

ख) पशुपन्छी पालन तथा उत्पादन र लाभ विवरण

| क्र स. | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १ | गाई/ भैसी | | | |
| २ | भेडा /बाख्रा | | | |
| ३ | कुखुरा (पन्छी) | | | |
| ४ | बंगुर /माछापालन | | | |
| ५ | दुध उत्पादन | | | |
| ६ | अण्डा उत्पादन | | | |
| ७ | छाला / उन | | | |
| ८ | बार्षिक आम्दानी | | | |

**अनुसूची ९ (घ) (परिच्छेद ८ संग सम्बन्धित)**

**उत्कृष्ट कृषक छनौट सम्बनुधी मुल्यांकनका आधारहरु**

| क्रस. | मुल्यांकन मापदण्ड | पुर्नांक १०० | प्राप्तांक |
|---|---|---|---|
| १ | गोठ खोर तथा पोखरीको ब्यवस्थापन तथा श्वस्थता | १५ | |
| २ | स्थानिय श्रोत साधनको सदुपयोग | १५ | |
| ३ | उत्पादन परिमाण र उत्पादित बस्तुको गुणस्तर | १५ | |
| ४ | बजारीकरण | ७ | |
| ५ | रोजगारी सृजना | १० | |
| ६ | पशुपालन व्यवसायमा गरेको लगानी | १० | |
| ७ | ब्यवसाय दर्ता | ६ | |
| ८ | समन्वय सहकार्य (सम्बन्धित निकायमा) | ७ | |
| ९ | घाँस दाना तथा आहाराको ब्यवस्था | १५ | |

नोटः मुल्यङ्कनको अंकलाई प्रकृति र उत्कृष्टताको आधारमा अंक विभाजन गरिएको छ ।

आज्ञाले

चेतप्रसाद उप्रेती

प्रमुख प्रशासकीय अधिकृत

... कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७५ (प्रथम संशोधन २०७६)